**नेपाल सरकार**

# बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति

## मोटरसाइकल खरीद सम्बन्धी

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मितिः-**२०७०/११/७

यस विकास समितिको चालु आ.व. २०७०/७१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार मोटरसाइकल थान-५ शिलबन्दी दरभाउपत्र बाट खरिद गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनी/बिक्रेता वा आपूर्तिकर्ताबाट रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरु**

(१). शिलबन्दी दरभाउपत्र दाताले निबेदनका साथ नबिकरण समेत भएको कम्पनी/फर्म दर्ता प्रमाणपत्र र भ्याट दर्ता प्रमाणपत्रको फोटोकपी पेश गर्नुका साथै नगद रु.३००।- (अक्षेरुपी रुपयाँ तीन सय) फिर्ता नहुनेगरी तिरी बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति, त्रिपुरेश्वर, काठमाण्डौंबाट यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

(२). रितपूर्वक भरिएको सिलवन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित मितिले १६औ दिनको दिउसो १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र खरिद गरिएकै स्थानमा शिलबन्दी दरभाउपत्र दाता/निजका आधिकारिक प्रतिनिधिले दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिउँसो १:०० बजे शिलबन्दी दरभाउपत्र दाता/निजको प्रतिनिधि समेतको उपस्थितिमा खोलिनेछ । तर शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्रसाथ संलग्न हुनुपर्ने कागजातहरुः (क) नेपाल स्थित मान्यता प्राप्त बैंकबाट जारी भएको शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तीमा ७५ दिन अवधिको मान्यता रहेको शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको अंकको २.५(अढाई) प्रतिशतले हुन आउने रकमको सक्कलै बैंक जमानी पत्र (ख) आ.व.२०७०/७१ को लागी नविकरण भएको फर्म दर्ता प्रमाणपत्र र आ.व. २०६९/७० सम्मको करचुक्ता प्रमाणपत्रको फोटोकपी (ग)) शिलबन्दी दरभाउपत्रमा प्रस्तावित सवारी साधनको कारोवार सम्बन्धि निर्माता कम्पनीको आधिकारिक पत्र (Authorization Letter) । ४. शिलबन्दी दरभाउपत्र सम्बन्धि सम्पूर्ण कारवाही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । ६. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ । रित नपुगेको, म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । ७. यस सम्बन्धि अन्य कुरा बुझ्न परेमा यस विकास समितिको सम्पर्क नं. ०१-४२१९७९८, ४२१९७९९ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।